हे मानिसहरू! अल्लाहसामु पश्चात्ताप गर र उहाँसँग क्षमा माग, किनकि म आफैं पनि दिनमा सय पटक पश्चात्ताप गर्छु।

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) का एक साथी अगर्र (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, कि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "हे मानिसहरू! अल्लाहसामु पश्चात्ताप गर र उहाँसँग क्षमा माग, किनकि म आफैं पनि दिनमा सय पटक पश्चात्ताप
गर्छु।"
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मानिसहरूलाई धेरै भन्दा धेरै पश्चात्ताप गर्न र क्षमा माग्न आदेश दिइरहनुभएको छ । साथै उहाँ आफ्नो बारेमा बताइरहनुभएको छ, उहाँ दिनमा सय पटक भन्दा बढी पश्चात्ताप गर्नुहुन्छ र अल्लाहसामु क्षमा माग्नुहुन्छ। जबकि उहाँका विगत र भविष्यका पापहरू क्षमा गरिएको छ। यसमा अल्लाहप्रति पूर्ण नम्रता र सम्पूर्ण उपासनाको अभिव्यक्ति छ।”

https://www.sunnah.global/hadeeth/ne/show/4809